# १३ पावलको रोमतर्फको यात्रा

<u>*यस अध्यायका मूल पदहरू*</u>: प्रेरित २७,२८ र रोमी १:१८-२०।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"नडराऊ, पावल। तिमी सम्राट् सिजरको सामु उभिनै पर्छ।" (प्रेरित २७:२४ रूपान्तरित)।**

रोममा जाने पावलको ठूलो चाहना थियो। तर यरुशलेममा उनी पक्राउ पर्दा यरुशलेममा जाने उनको चाहना भताभुङ्ग भएको थियो। येशूलाई विश्वास गरेतापनि यहूदी धर्मको रीतिरिवाजहरू पालन गर्ने यरुशलेमका यहूदी इसाई अगुवाहरूको परम्परालाई मान्न दवाव दिँदा पावल रोमीहरूको कैदमा पर्नुपर्‍यो। कमसेकम रोमीहरूको अन्तर्गत पाँच वर्ष पावलले बन्दी जीवन बिताए। ती पाँच वर्षमा दुई वर्ष त समुद्रबाट रोम वा इटाली जान यात्रामै बिताए। आफूले सोचेको भन्दा फरक भएको परिस्थितिले गर्दा पावलको निम्ति रोममा गएर प्रचार गर्ने योजनामा ठूलो धक्का लागेको थियो।

आफ्नो योजनामुताबिक चल्न नपाएतापनि येशू आफैले पावललाई "तिमी रोममा मेरो बारेमा गवाही दिनेछौ" (प्रेरित २३:११) भन्ने वचनले पावललाई ढाढस मिलेको थियो। हामीहरूको आत्मिक यात्रामा कहिलेकाहीं चुकेतापनि वा भूल गरेतापनि परमेश्वरले हामीलाई दोस्रो मौका दिनसक्नुहुन्छ। तर हामीहरूको भूल गर्ने बानी वा आत्मिक चेतना अनुसार नचल्ने स्वभावले गर्दा हामीले पाउने फलबाट उहाँले सधैं उम्काउनु त हुन्न। उनले रोममा बन्दी जीवनमात्र बिताउनु परेन, स्पेनमा जानलाई गरेको आशा पनि पूरा भयो भनेर बाइबलले प्रमाणित गरेको छैन (रोमी १५:२४)। रोममा पुग्दा पावललाई आफूले बहालमा लिएको घरमा बसेर सैनिकहरूको निगरानीमा केही समय बिताएतापनि अन्तमा उनलाई फैरि पक्रेर झ्यालखानामा थुनिएको थियो। त्यसबेला निरङ्कुस सम्राट नीरोको हुकुमले उनको हत्या गरियो (२ तिमोथी ४:६-८)। उनलाई सन् ६७मा शहीद बनाइएको थियो।

हो, जब पावल रोममा त पुगे तर आफ्नै घरमा सिक्रिले बाँधिएर बन्दी जीवन बिताउनुपरेको थियो। उनलाई सम्राटको सामु प्रस्तुत गरिन पर्खाइराखेका थिए। तर सिक्रिले बाँधिएकै अवस्था भएतापनि ( एफिसी ६:२०, फिलिप्पीहरूलाई १:१३) उनको घरमा उनलाई भेट्न आउने मानिसहरूसँग

खुलारूपमा बोल्न वा येशूको बारेमा सिकाउन सकेका थिए (प्रेरित २८:३०,३१)। तिनीहरूमध्ये सम्राट सिजरको दरवारका गन्यमान्य व्यक्ति पनि उनीसँग बातचित गर्न आएका थिए (फिलिप्पीहरूलाई ४:२२)।

## १. समुद्रको यात्रा गर्दै पावल रोमतिर लाग्छन्

कैसरियामा दुई वर्ष बन्दी जीवन बिताएपछि (प्रेरित २४:२७) पावललाई रोममा लैजानुपरेको थियो। रोममा जान समुद्र भएर जानुपरेको थियो। त्यो यात्रा लामो र जोखिमपूर्ण थियो, साथै समुद्रमा उब्जिने डरलाग्दो छाल र हुरीबतासको सामना पावलले गर्नुपरेको थियो (प्रेरित २७:१-२८:१६)। त्यसबेला त्यो यात्राको विवरण लूकाले बहुवचन शैलीमा बडो राम्रो बेहोराका साथ प्रस्तुत गरेका थिए। पावलको यात्रामा लूकामात्र होइनन् अर्का इसाई विश्वासी आरिसटार्कस (प्रेरित २७:२) पनि थिए। जहाजबाट यात्रा गर्ने यात्रुहरूको अर्को मुख्य पात्र थिए जुलियस। उनी रोममा जाने यात्रुहरूको मात्र होइन अरू बन्दीहरूको पनि सैनिक हाकिम थिए (प्रेरित २७:१)।

जब तिनीहरू रोमतिर यात्रा गर्न जहाजमा चढे तब गर्मी मौसमको अन्तिम समय थियो। प्रेरित २७:९मा उल्लेख गरिएको उपबासचाहिँ निस्तार चाडको थियो अर्थात् वर्षको एक पटक यहूदीहरूले मान्ने प्रायश्चितको दिन थियो। यो पर्व अक्टोबर वा कार्तिक महिनाको अन्तिम हप्ताहरूमा पर्दछ। त्यो बेला जाडोको समय थियो। त्यसले गर्दा नभेम्बर वा कार्तिक मंसिरको महिनादेखि मार्च वा बैशाखको महिनासम्म मेडिटरेनियन वा भूमध्य सागरमा सकेसम्म मानिसहरू जहाजबाट यात्रा गर्दैनथे। तर यस बखत जब पावल र अरू यात्रुहरूले जाडो सुरू हुनु अघि नै यात्रा सुरू गरेतापनि यात्राको सुरूमै अनेकौं कठिन समस्याहरू तिनीहरूले भोग्नु परेको थियो। बिस्तारै धेरै ढिलो गरेर यात्रा गरेर तिनीहरू फेयर हेभेन वा सुन्दर बन्दरगाह सुन भन्ने समुद्रको किनारमा आइपुगे। त्यो क्रेट टापुमा थियो (प्रेरित २७:८)।

**फेयर हेभेन्स वा सुन्दर बन्दरगाहमा जुन घटना भयो त्यसमा पावलले हस्तक्षेप गर्नुपरेको थियो। उनको हस्तक्षेपलाई कसरी स्वीकारिएको थियो? हेर्नुहोस् बिषेश गरेर प्रेरित २७:९-१२ "१ समुद्र-यात्राद्वारा हामी इटालिया जानुपर्छ भन्ने निर्णय भएपछि, तिनीहरूले पावल र अरू कतिपय कैदीहरूलाई सम्राट् अगस्टसका फौजको युलियस नामक कप्तानको जिम्मा लाइदिए। २**

एड्रामिटेनोसबाट एशियाका विभिन्न बन्दरगाहहरू हुँदै जाने एउटा जहाजमा चढ़ेर हामीले यात्रा सुरु गऱ्यौं। अरिस्तार्खस नाउँ भएका थेसलोनिकेका एक जना माकेडोनी हाम्रा साथमा थिए। ३ भोलिपल्ट हामीले सीदोनमा लङ्गर हाल्यौं। युलियसले पावललाई दया देखाई तिनका साथीहरूकहाँ गएर चाहिँदो सहायता लिने अनुमति दिए। ४ त्यहाँबाट जहाज फेरि समुद्रतिर लाग्यो, र बतास चलेको हुनाले हामी साइप्रसको आड़ लिएर गयौं। ५ किलिकिया र पामफिलिया पारिपट्टिको समुद्रमा पुगेपछि, हामी लुकियाको एउटा सहर माइरामा आइपुग्यौं। ६ त्यहाँ इटालिया जाने अलेक्जेन्ड्रियाको एउटा जहाज भेट्टाएर कप्तानले हामीलाई त्यसमा चढ़ाइदिए। ७ धेरै दिनसम्म बिस्तारबिस्तार गएर कठिनतासाथ क्नीडसमा आइपुग्यौं र बतासले अझ अगि बढ्न नदिएको हुनाले क्रेटको आड़ लिएर हामी सालमोनेको छेउ-छेउ भएर गयौं। ८ कठिनसँग त्यसको किनार-किनार लागेर हामी सुन्दर बन्दरगाह भनिने ठाउँमा आयौं। त्यहाँबाट लासिया सहर नजिकै थियो। ९ समय धेरै बितिसकेको थियो र समुद्र-यात्रा पनि खतरनाक भएको थियो, साथै प्रायश्चित-दिवसका उपवासको समय पनि बितिसकेको हुनाले, पावलले तिनीहरूलाई १० यसो भन्दै सम्झाए, "मित्र हो, यो समुद्र-यात्राले केवल जहाज र मालसामानको मात्र होइन, तर हाम्रो जीउ-ज्यानको समेत खतरा र नोक्सानी होला भन्ने म देख्तछु।" ११ तर कप्तानले पावलको कुराभन्दा जहाजको चालक र जहाजका मालिकलाई बेसी पत्यार गरे। १२ यो बन्दरगाह हिउँद काट्नलाई असुबिधा भएकोले कुनै हालतले पनि फोनिक्समा नै पुगी जाडो बिताउनुपर्छ भनेर धेरैजसोले त्यहाँबाट जहाज चलाइहाल्ने नै सल्लाह दिए। फोनिक्सचाहिँ क्रेटको एउटा बन्दरगाह हो, जो दक्षिण-पश्चिम र उत्तर-पश्चिमपट्टि फर्केको छ।"

पावलको सल्लाहलाई कसैले पनि वास्ता गरेनन्। तिनीहरूले पश्चिमतिर रहेको फेनिक्सको बन्दरगाहमा जान अर्को चालिस माइल जहाज चलाए। त्यस ठाउँमा तिनीहरू जाडोको मौसम छल्न जान चाहेका थिए। दुर्भाग्यबस त्यसबेला अचानक मौसममा परिवर्तन भयो। तिनीहरू प्रचण्ड हुरी बतासको भूमरीमा परे। जहाजका चालकहरूले जहाजलाई नियन्त्रणमा राख्न सकेनन्। जहाज जमीनबाट टाढा थियो। दक्षिणपश्चिमबाट बगेको हुरीले जहाजलाई नियन्त्रण गर्न नसक्दा जहाज आफ्नै गतिमा चलोस् भनेर चालकहरूले जहाजलाई नियन्त्रण गर्न छोडिदिए। जहाजलाई हलुको बनाउन जहाजमा भएका मालसामानहरू र जहाजकै सामानहरू यात्रुहरूले फ्याक्न

थाले। छालले कतिपय सामानहरू जहाजबाट लगिसकेको थियो। यात्रुहरूको दुःखलाई हेर्दा त्यो अत्यन्त डरलाग्दो र नरमाइलो नाटकीय परिस्थिति थियो। तिनीहरूले धेरै दिनसम्म आकलझुकलमात्र दिनको उज्यालो देख्न सकेका थिए। हुस्सुले केही पनि राम्रोसंग देख्न सकिएको थिएन। प्रचण्ड हुरी बतास र मुसलधारे पानीले गर्दा तिनीहरू कहाँ थिए सो तिनीहरूलाई थाहा थिएन। तिनीहरू अत्यन्तै थकित थिए। तिनीहरूमा बाँच्ने आशा मरिसकेको थियो (प्रेरित २७:२०)।

**बिषेश गरेर प्रेरित २७:२१-२६ पढ्नुहोस्। त्यसमा पावलको दोस्रो हस्तक्षेप वा सल्लाह दिइएको पाइन्छ। त्यो के हो? पढ्नोस् "१३ जब दक्षिणी बतास मन्द गतिले चल्न थाल्यो, तिनीहरूको उद्देश्य सिद्ध भयो भन्ने ठानेर, लङ्गर निकाली तिनीहरू क्रेटको किनार-किनार हुँदै यात्रा गर्न लागे। १४ तर थोरै समयपछि त्यस टापूबाट प्रचण्ड आँधीको वेगमा उत्तर-पूर्वी कहलाइने तूफान चल्यो। १५ जब जहाज आँधीको चपेटामा पर्‍यो, त्यसले तूफानको सामना गर्न सकेन, र हामीले त्यसलाई जता जान्छ जाओस् भनेर छोडिदियौं। १६ क्लौडा भन्ने एउटा सानो टापूको आड़मा पुगेपछि हामीले मुश्किलले जहाजको डुङ्गालाई जोगाउन सक्यौं। १७ त्यसलाई माथि उठाएपछि तिनीहरूले केही उपायले जहाजलाई मुन्तिरबाट बाँध्दै ल्याए, र सिरटिस भन्ने बलौटे धापमा फसिन्छ भन्ने डरले तिनीहरूले पाल झारिदिए, र जहाज आफै बहन थाल्यो। १८ अब आँधीले हामीहरूलाई ज्यादै उचाल्न र पछार्न थाल्यो, र भोलिपल्ट तिनीहरूले जहाजका मालसामान फ्याँक्न थाले। १९ अनि तेस्रो दिन तिनीहरूले आफ्नै हातले जहाजका लठारा मिल्काइदिए। २० धेरै दिनसम्म घाम, तारा केही देख्न पाइएन। तूफान लगातार चलिरहेकोले अन्त्यमा बाँच्ने आशासमेत हामीले त्यागिदियौं।**

**२१ धेरै दिनसम्म तिनीहरू नखाई बसेका थिए। तब पावलले तिनीहरूकहाँ आएर भने, "मित्र हो, तपाईंहरूले मेरो सल्लाह मानेर क्रेटबाट जहाज नचलाउनुपर्ने थियो, र यस्तो सङ्कष्ट र हानि तपाईंहरूले खप्नुपर्ने थिएन। २२ अब म भन्दछु, साहस गर्नुहोस्। तपाईंहरूमध्ये कसैको ज्यान जानेछैन, तर जहाजचाहिँ नष्ट हुनेछ। २३ किनभने जुन परमेश्वरको म हुँ, र जसको आराधना म गर्दछु, उहाँका एक दूत आज राती मेरो छेउमा खड़ा भए। २४ उनले मलाई भने, 'पावल, नडराऊ, तिमी कैसरको सामु अवश्य खड़ा हुनुपर्छ, र हेर, तिमीसँग जहाजमा चढ्ने जति सबैका प्राण परमेश्वरले तिम्रो हातमा**

**दिनुभएको छ।' २५ यसकारण मित्र हो, साहस गर्नुहोस्। म परमेश्वरमा विश्वास गर्छु, मलाई जस्तो बताइएको छ, ठीक त्यस्तै हुनेछ। २६ तर हामीचाहिँ कुनै एउटा टापूमा बजारिनुपर्नेछ।" २७ तर जब चौधौं रात भएथ्यो, र एड्रियास समुद्रमा हामी हुत्तिरहेका थियौं, तब आधारातितिर नावीहरूले हामी कुनै जमिनको नजिक पुगिरहेका छौं भन्ने अनुमान गरे, २८ र गहिराइ नापेर हेर्दा तिनीहरूले सैंतीस मिटर पत्ता लगाए, र अलि पर गएर फेरि गहिराइ नाप्दा तिनीहरूले छब्बीस मिटर पत्ता लगाए। २९ अनि कुनै चट्टानमाथि ठक्कर खान पुग्छौं कि भन्ने डरले, तिनीहरूले जहाजको पछाडितिरबाट चार वटा लङ्गर खसाले, र बिहान होस् भनी प्रार्थना गर्न लागे।" प्रेरित २७:१३-२९।**

सबै मानिसहरूलाई भविष्यवक्ता जस्तो भएर पावलले जहाजमा निराशमा परिरहेका यात्रुहरूलाई परमेश्वरबाट पाएको सन्देश सुनाइदिए। अब निराश हुनु पर्ने वा हताश हुनुपर्ने कारण छैन। धेरै खतराको सामना गर्नुपर्नेछ र कति कुरोहरू गुमाउनुपर्नेछ तर कुनै मानिसको ज्यान जानेछैन।

**परमेश्वरको अगुवाईमा चलिरहेका, परमेश्वरकै स्वर सुन्ने उहाँका विश्वासपात्र र उहाँमा समर्पित बिश्वासका धरोहर पावल जस्ताले पनि भयानक दुःखकष्टको सामना किन गरिरहनुपरेको होल? पावलको अनुभवबाट हामीले के सिक्न सिक्छौं?**

## २. जहाज दुर्घट्नाग्रस्त हुन्छ

पावल चढिरहेको जहाजमा २७६जना मानिसहरू थिए। प्रेरित २७:३७ अनुसार पावलले दोस्रो पटक जहाजका कप्तानलाई सल्लाह दिन्छन्। सबै कुरा नाश भएतापनि कुनै मानिसको ज्यान जानेछैन भनेर उनले विश्वस्त गराउँछन्। उनको भनाइमा जहाज डुब्नेछ पनि भनेका थिए (प्रेरित २७:२२)। दुई हप्तापछि पावलको वचन पूरा हुन्छ। जहाज आफ्नै तालमा तैरिरहेको थियो। प्रचण्ड हुरिबतासले जहाजलाई हुत्याइरहेको थियो। जहाजका चालकहरूले जहाजको तल्लो भागबाट कल्याङमल्याङ आवाज आएकोले जहाजले जमीन भेट्टाएको ठानेका थिए। धेरै आवाजहरू आएपछि जहाजका चालकहरूले अब जहाज पत्थरमा ठोकिने भयो भनी ठानेर जहाजको पछाडिबाट चारवटा लङ्गुर वा अंकुसे भएका सिक्रिहरू खसाले ताकि जहाजको गति रोकियोस्। त्यसैबखत जहाजमा चढिरहेका मानिसहरूले दिन देखून् भनेर सबैले

आआफ्नो देउताहरूलाई पुकार्न थाले किनकि तिनीहरूले संघर्ष गरिरहेको समय राति थियो (प्रेरित २७:२८,२९)।

बिषेश गरेर प्रेरित २७:३०-४४ पढ्नुहोस्। त्यसबाट हामीले के पाठहरू सिक्न सक्छौं? "३० जब नावीहरू जहाजबाट भाग्न खोजिरहेका थिए, र अगिल्तिर लङ्गर खसाल्ने बहानाले डुङ्गा समुद्रमा झारिसकेका थिए, ३१ तब पावलले कप्तान र सिपाहीहरूलाई भने, "यी मानिसहरू जहाजमा बसेनन् भने तपाईंहरू बाँच्न सक्नुहुनेछैन।" ३२ तब सिपाहीहरूले डुङ्गाका डोरीहरू काटिदिए, र डुङ्गालाई जान दिए। ३३ मिरमिरे उज्यालो हुन लागेको थियो, पावलले तिनीहरू सबैलाई भोजन गर्ने आग्रह गरे। तिनले भने, "आज चौध दिन भइसक्यो, तपाईंहरू अलमल्लमा परेर भोकभोकै केही नखाई बस्नुभएको छ। ३४ यसकारण केही खानुहोस् भनी म तपाईंहरूलाई आग्रह गर्दछु। केही खानुभयो भने तपाईंहरूले बल पाउनुहुनेछ, तपाईंहरू कसैका शिरको एउटा केश पनि नष्ट हुनेछैन।" ३५ यी कुरा भनेपछि तिनले रोटी लिए, र सबैका सामुन्ने परमेश्वरलाई धन्यवाद चढ़ाएर सो भाँचेर खान लागे। ३६ तब तिनीहरूले पनि हौसला पाएर केही खानेकुरो खाए। ३७ (जहाजमा हुने हामी जम्मा दुई सय छयहत्तर जना थियौं।) ३८ तिनीहरूले अघाउञ्जेल खाएपछि, जहाज हलुङ्गो तुल्याउन समुद्रमा गहूँ फालिदिए। ३९ उज्यालो भएपछि पनि तिनीहरूले त्यो ठाउँ चिन्न सकेनन्, तर तिनीहरूले एक खाडी देखे। यसको बलौटे किनार थियो। सम्भव भए जहाजलाई त्यहीँ किनार लाउने योजना तिनीहरूले गरे। ४० तिनीहरूले लङ्गरहरू झारिदिए, र समुद्रमा नै ती रहन दिए। त्यसै बेला पतवारहरूलाई बाँधिराखेका डोरीहरू फुकाइदिए। अगिल्तिरका पाल उठाएर बतासतिर फर्काइदिए र जहाजलाई किनारातर्फ बढ़ाए। ४१ तर पानीमुनिको लुकेको बालुवाको रासमा जहाज ठोकिएर त्यहीँ भासियो, जहाजको अगिल्लो भाग अड्कियो र चल्नै सकेन, अनि पछिल्लो भागचाहिँ छालहरूका झोक्काले टुक्रिन थाल्यो। ४२ कैदीहरू पौड़ेर भाग्लान् कि भन्ठानेर सिपाहीहरूले तिनीहरूलाई मार्ने मतो गरे। ४३ तर कप्तानले पावललाई जोगाउने मन गरी तिनीहरूलाई त्यसो गर्नदेखि रोके। पौ ड्न सक्ने जति जहाजबाट पहिले हामफालेर पाखामा उत्रनू भन्ने हुकुम तिनले दिए, ४४ र बाँकी रहेकाहरूचाहिँ फल्याकहरूमा र जहाजका टुक्राहरूमा पारि जानू भने। यसरी सबै सकुशल किनारमा पुगे।"

यात्राको सुरूमा कप्तानले पावलसँग राम्रै व्यवहार गरेका थिए। तैपनि पावल कैदी भएकोले उनले समुद्रको बारेमा के थाहा होला भनेर उनको

कुरा पहिले सुनेनन्। तर दुई हप्तापछि स्थिति परिवर्तन भएको थियो। जहाज दुर्घट्ना हुन गइरहेको बेलामा पावलले पहिला भनेको कुरा सत्य सावित भएकोले पावलप्रति कप्तानको आदर बढ्न थालेको थियो।

जहाजमा यात्रा गरिरहेका थकित सह यात्रुहरूलाई खान अनुरोध गरे। नत्रभने तिनीहरू पौडी खेलेर समुद्रको किनारामा जान सक्दैनथे। परमेश्वरको अगुवाई रह्यो भन्दैमा हामीहरूले गर्नुपर्ने दैनिक नियमित क्रियाकलापहरूलाई पालन गर्नुपर्दैन भन्ने छैन। "जहाजमा बसेर यात्रा गरिरहेका पावल र अरू यात्रुहरूको बिवरणमा लूकाले मानिसहरूको सुरक्षाको परमेश्वरको वचन र आफ्नै सुरक्षाको निम्ति अपनाउनुपर्ने नीतिहरूको बीचको संतुलनमा राम्रोसँग ध्यान दिएको देखिन्छ।"-देभिद जे. विलियमस्, *द आक्टस्* (ग्राण्ड रापिडस्: बेकर, १९९०), पृ. ४३८बाट रूपान्तरित।

जब बिहान भयो तब जहाजका कर्मचारीहरूले समुद्रको किनारा देखे। त्यहाँ तिनीहरूले जहाजलाई अड्याउने निर्णय गरे। तर जहाज समुद्रको किनारामा कहिल्यै पनि पुग्न सकेन। बरू जहाज बालुवाको थुप्रोमा ठोक्कियो र समुद्रको छालले गर्दा जहाज टुक्रा टुक्रा भयो। कैदीहरू भाग्लानकि भनेर सिपाहीँहरूले मार्न खोजेको बेलामा सैनिक कप्तानले त्यसलाई रोक्यो किनभने उनले पावललाई बचाउन चाहेका थिए। आखिरमा आएर परमेश्वरले भन्नुभएकै अनुसार जहाजमा यात्रा गरिरहेका एक जना मानिसको ज्यानसमेत गएन।

**पावलको प्रभावकारी गवाही र उनको चरित्रको बारेमा यस कथाले हामीलाई के भन्छ जसले गर्दा उनलाई बचाइ राख्न सिपाहीँहरूले मार्न खोजेको प्रयास कप्तानले रोकेका थिए? एक जना पावलले गर्दा सबै कैदीहरूको ज्यान बचेको थियो।**

## ३. माल्टाको टापुमा

**जब** दुर्घटनाग्रस्त जहाजबाट पौडी खेलेर बचेका यात्रुहरू माल्टाको टापुमा आइपुगे। त्यो टापु भूमध्य सागरको बीचमा रहेको सानो टापु थियो। यो इटाली सहर सिसिलीको दक्षिणतिर थियो। तिनीहरू दुई हप्तासम्म समुद्रमा हावासँग जुद्दै भौंतारिरहेका थिए। हावाकै वेगमा आफूहरूलाई सुम्पेर यात्रा गरिरहँदा तिनीहरूले ४७५माइल यात्रा गरिसकेका थिए। अब तिनीहरू जाडोको मौसममा परिरहेका थिए। यात्रालाई निरन्तरता दिन तिनीहरू तिन

महिनासम्म त्यस टापुमा बस्नुपरेको थियो किनभने तिनीहरूले जाडो मौसम रहुञ्जेल पर्खनुपरेको थियो (प्रेरित २८:११)।

**माल्टाको टापुमा पावललाई के भयो र उनले जे अनुभव गरेका थिए त्यसबाट परमेश्वरले पावललाई कसरी उपयोग गर्नुभएको थियो? हेर्नुहोस् प्रेरित २८:१-१० "१ हामी सकुशल किनार लागेपछि त्यस टापूको नाउँ माल्टा रहेछ भन्ने हामीलाई थाहा लाग्यो। २ त्यहाँका बासिन्दाहरूले हामीलाई अपूर्व दया देखाए। पानी परेर जाडो भएको कारणले तिनीहरूले आगो बालिदिए, र हामी सबैलाई स्वागत गरे। ३ पावलले एक बिटा दाउरा जम्मा गरेका थिए र सो ल्याएर आगोमा हाले। आगोको तापले एउटा सर्प निस्केर आयो, र तिनको हातमा बेह्रियो। ४ त्यहाँका बासिन्दाहरूले तिनको हातमा सर्प बेह्रिएको देखेर आपसमा भन्न लागे, "यो मानिस पक्का पनि ज्यानमारा नै हुनुपर्छ। यो समुद्रबाट बाँचेर त निस्क्यो तर इन्साफबाट यो उम्कन सकेन।" ५ तर पावलले चाहिँ त्यस सर्पलाई आगोमा झट्कारिदिए, र तिनको केही बिगार हुन पाएन। ६ तर तिनको शरीर सुनिनेछ, अथवा तिनी एक्कासि ढलेर मर्नेछन् भनी तिनीहरूले प्रतीक्षा गर्न लागे। तर धेरै बेरसम्म प्रतीक्षा गरिरहँदा पनि तिनको केही बिगार नभएको देखेर तिनीहरूले आफ्नो विचार बद्लेर भन्न लागे, "यिनी त देवता पो रहेछन्।" ७ त्यस टापूका पब्लियस नाउँ भएका मुखियाको जग्गाजमिन त्यस ठाउँको छेउछाउमा थियो। उनले हामीलाई स्वागत गरे, र तीन दिनसम्म उनको घरमा हाम्रो अतिथिसेवा गरे। ८ पब्लियसका बुबा जरो र आउँको रोगले बिरामी थिए। पावल तिनलाई हेर्न गए, र तिनको लागि प्रार्थना गरे, र आफ्नो हात तिनीमाथि राखी तिनलाई निको पारे। ९ यो घटना भएपछि, त्यस टापूका अरू रोगी मानिसहरू पनि आए, र निको पारिए। १० तिनीहरूले धेरै प्रकारले हाम्रो आदर गरे। जब हामी जहाजमा चढ्यौं, तिनीहरूले हामीलाई चाहिए जति सामानहरू जहाजमा हालिदिए।"**

माल्टाका मानिसहरू धेरै दयालु थिए। तिनीहरूले जहाजबाट उम्केर आएका मानिसहरूको अतिथीसत्कार गरेर स्वागत गरे। एकदम जाडो भएको कारणले त्यहाँका बासिन्दाहरूले आगो बालेर यात्रुहरूलाई न्यानो बनाए। त्यसै क्रममा आगो बाल्न जब पावलले दाउरा खोजेर ल्याए आगोमा हाले। त्यसैबेला न्यानोले गर्दा सर्प आएर उनको हातमा बेरिएको थियो। त्यहाँका बासिन्दाहरूको प्रथम प्रतिक्रियाले यो देखाइएको थियो कि पावल कस्तो अपराधीरहेछ। मानिसहरूबाट सजायँबाट वा समुद्रमा डुवेर नमरि उम्केतापनि

भगवानले उनलाई बाँकी राखेन। त्यहाँका बासिन्दाहरूले धेरै देवीदेवताहरूलाई पूजा गर्दथे। ग्रीक देवी डाइक न्याय र बदला लिने देवीको नाउँले प्रख्यात थिए। सायद तिनीहरूले यो पनि ठानेको हुनुपर्छ कि ती देवीले उनलाई बाँकी राखिनन्। सर्प हातमा बेरिएपछि पावलले त्यसलाई आगोमा फ्याँकि दिएका थिए। अब मानिसहरू उनी सर्पको बिषले मर्नेछ भनेर पर्खिंदा पनि पावल नमर्दा पावलप्रति तिनीहरूको बिचारमा परिवर्तन आयो र ए यिनी त देवता पो रहेछन् भनेर उनको प्रशंसा गरे। धेरै वर्ष अघि पावललाई लिस्त्रामा भगवान भनेर जसरी ठाने (प्रेरित १४:८-१८) त्यसरी नै अहिले पनि उनी भगवान हुन् भन्ठाने। लूकाले त्यहाँ के के भयो भनेर सबै कुरा बेलिबिस्तार नगरेतापनि पावलले त्यस घट्नाबाट उनले सेवा गरेको परमेश्वरको निम्ति गवाही दिएका थिए भनेर हामी अनुमान गर्न सक्छौं।

पब्लियस माल्टाको रोमी बडा हाकिम हुनसक्थ्यो वा स्थानीय गन्यमान्य व्यक्ति। तर उनले पावल र उनका सहयोगीहरूले आफ्नो घरमा तिन दिनसम्म सत्कार गरेर राखे। त्यसपछि तिनीहरू लामो समयसम्म रहन अन्तै सारिएका थिए। जेभएतापनि ती प्रतिष्ठित व्यक्तिको पिताको रोगलाई पावलले निको पारेपछि माल्टाका अरू बिरामीहरूलाई निको पार्ने सेवाकार्यमा उनी संलग्न भएका थिए।

जब पावलले त्यो टापु छोडे तब एक जना पनि पावलले इसाई बनाएर छोडे भनेर लूकाले भनेका छैनन्। त्यो नलेखिएको कुरा संयोगमात्र हुनसक्छ। तर यसले हामीलाई यो यकिन गराउनुपर्छ कि हामीहरूको काम यस संसारमा केवल बप्तिस्मा दिएर मानिसहरूलाई चर्चमा हुल्ने मात्र होइन तर मानिसहरूको आवश्यकतामा पनि संलग्न हुनु सिक्नुपर्छ। यो येशूको सुसमाचारको व्यवहारिक पक्ष हो (पावलले प्रेरित २०:३५मा भन्दछन् "मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मद्दत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि 'लिनुभन्दा दिनु अझ धन्य हो।'" र तितस ३:१४ "हाम्रा मानिसहरू असल काममा कायम रहन सिकून्, ताकि जरूरी खाँचो परिआएको खण्डमा तिनीहरूले मद्दत दिन सकून्, र तिनीहरू निष्फल नहोऊन्")।

**जीवित परमेश्वरको दश आज्ञाको बारेमा ज्ञान नभएका टापुका ती मानिसहरूमा पनि परमेश्वरको न्यायको बारेमा थाहा रहेछ भन्ने कुरा रोचक छ।**

**यो ज्ञान कहाँबाट आयो त? हेर्नुहोस् रोमी १:१८-२० "१८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन।"**

## ४. अन्तमा पावल रोममा पुग्छन्

माल्टा टापुमा तीन महिना रहेपछि पावल र उनका सहयोगीहरू आफ्नो समुद्रको यात्रा फेरि सुरू गर्दछन् (प्रेरित २८:११)। तिनीहरू पुतइयोली (प्रेरित २८:१३)मा पुग्छन्। त्यो ठाउँ इटालीको समुद्रको किनारामा रहेको नेपल्स सहरमा छ। त्यसलाई अहिले पोज्जुओली भनिन्छ। त्यहाँबाट तिनीहरू सडकको बाटोभएर रोममा पुग्छन् (प्रेरित २८:११-१६)।

पावल रोममा आउने खबर रोममा तुरन्तै पुग्छ। त्यहाँ विश्वासीहरूको एक समूह रोमको दक्षिण भागबाट धेरै माइल यात्रा गरेर पावललाई स्वागत गर्न पुग्छन्। पावल रोममा पहिले कहिल्यै गएका थिएनन्। तैपनि रोममा उनका धेरै मित्रहरू थिए। तिनीहरूमा उनका सहकर्मीहरू, उनले गर्दा येशूलाई विश्वास गर्नेहरू, उनका आफन्तहरू र उहाँका प्रियजनहरू थिए (रोमीहरूलाई १६:३-१६)। पावल र रोमबाट आएका मित्रहरू वीच आप्पियन वे भन्ने ठाउँमा भेटघाट हुन्छ। तिनीहरूको त्यो भेट अत्यन्त मार्मिक अर्थात् मन छुने खालको हुनुपर्छ किनभने पावल र उनका सहयोगीहरू समुद्रमा भएको दुर्घटना तारेर बचेर आएका थिए। त्यतिमात्र नभएर पावल स्वतन्त्र प्रचारक होइन रोमी साम्राज्यको कैदी भएर आएका थिए। त्यस बिशेष भेटघाटमा उनका प्रिय विश्वासीहरूले उनलाई ठूलो प्रेम र सत्कार देखाएका थिए। त्यसको निम्ति प्रेरित पावलले परमेश्वरलाई धन्यवाद चढाएका थिए र आफू कैदी भएर सम्राटको सामु उभिनुपर्ने सम्झेर उनको मन रोएको थियो।

आफ्नो आधिकारिक पत्रमा बडा हाकिम फेस्टसले रोमी कानुन अनुसार पावलले केही अपराध गरेको थिएन भनेर लेखेको हुनुपर्छ (प्रेरित २५:२६,२७,२६:३१,३२)। त्यसै कारण पावल नजरबन्दमा परेपनि व्यक्तिगतरूपमा घर भाडामा लिएर बस्न सकेका थिए (प्रेरित २८:३०)।

उनलाई झ्यालखानामा वा सैनिक सिबिरमा नपठाइएतापनि उनलाई सिक्रीले बाँधेका थिए र त्यो सिक्री अर्को रोमी सिपाहीसँग बाँधिएको थियो। उनको रोममा रहने पूरै समयसम्म उनलाई हथकडी लगाएर राखिएको थियो। आफ्नै खर्चले डेराको बहाल तिरेको र घर खर्च टारेको भन्ने उनको भनाइले उनी आफ्नो पाल बुन्ने पेशामा पनि लागिरहेका थिए भनेर देखाउँछ (प्रेरित १८:३)।

**पावल कष्टपूर्ण यात्रा पछि रोममा पुग्छन्। जब तिनले त्यहाँ आफू बस्ने व्यक्तिगत घरमा व्यवस्था मिलाए लगत्तै उनी के गर्छन्? हेर्नुहोस् विशेष गरेर प्रेरित २८:१७-२२ "११ तीन महिनापछि, हामी अलेक्जेन्ड्रियाको जहाजमा चढ्यौं। यो जहाज हिउँदमा यसै टापूमा थियो। जहाजको अगिल्लो भागमा जुम्ल्याहा देवको प्रतिमा कपेको थियो १२ सुराकुसाईमा पुगेर हामी त्यहाँ तीन दिन बस्यौं। १३ त्यहाँबाट हामी किनार-किनारै रेगियनमा आइपुग्यौं। एक दिनपछि दक्षिणी बतास चल्यो, र भोलिपल्ट हामी पटिओलीमा आइपुग्यौं। १४ त्यहाँ हामीले भाइहरूलाई भेट्यौं, र उनीहरूले हामीलाई सात दिनसम्म उनीहरूका साथमा रहनलाई बिन्ती गरे। यसरी हामी रोममा आइपुग्यौं। १५ त्यहाँबाट हाम्रो आगमनको खबर सुनेर भाइहरू हामीलाई भेट्न अप्पियसको बजार र तीन-पाटी भन्ने ठाउँमा आएका थिए। यिनीहरूलाई देखेर पावलले परमेश्वरमा धन्यवाद चढ़ाए, र साहस पाए। १६ जब हामी रोममा पस्यौं, तब पावललाई एक जना सिपाहीको रेखदेखमा एकलै बस्ने अनुमति मिल्यो। १७ तीन दिनपछि पावलले यहूदीहरूका स्थानीय अगुवाहरूलाई बोलाइपठाए। उनीहरू जम्मा भएपछि तिनले उनीहरूलाई भने, "भाइ हो, मैले त आफ्नो देशका मानिसहरू, अथवा पिता-पुर्खाका रीतिथितिका विरुद्धमा केही काम गरेको थिइनँ। तापनि बन्दी भई यरूशलेमदेखि रोमीहरूका हातमा मलाई सुम्पेको छ। १८ उनीहरूले छानबिन गरेपछि ममा मृत्युदण्डको कुनै कारण नभेट्टाउँदा मलाई छोडिदिने मन गरेका थिए। १९ तर यहूदीहरूले विरोध गरेका हुनाले कैसरकहाँ अपिल गर्न मलाई करै लाग्यो– मेरो जातिको विरुद्धमा कुनै अभियोग ल्याउने कुरा थिएन। २० यसैकारणले मैले तपाईंहरूसँग भेटेर बातचित गर्न तपाईंहरूलाई बोलाएको हुँ। किनभने इस्राएलको आशा जो हो त्यसको निम्ति यस साङ्लामा म बाँधिएको छु।" २१ उनीहरूले तिनलाई भने, "हामीले त तपाईंको विषयमा यहूदियाबाट केही चिट्ठी पाएका छैनौं। कोही भाइहरूले आएर तपाईंको विरुद्धमा कुनै नराम्रो कुरा पनि सुनाएका वा बोलेका छैनन्। २२ तर तपाईंको विचार के हो, सो तपाईंबाट सुन्न चाहन्छौं। किनकि यस दलको**

**विषयमा हामीलाई यति मात्र थाहा छ, कि जताततै मानिसहरू यसको विरुद्धमा मात्रै बोल्दछन्।"**

यहूदीहरूको सभाघरमा पावल जान सकेका थिएनन् तैपनि यहूदी सभाघर उनको ठाउँमा आएको थियो अर्थात् यहूदीहरू उनको बारेमा चासो देखाएर उनलाई भेट्न आएका थिए। आफू जहाँ गएतापनि सबभन्दा पहिले यहूदीहरूलाई वचन सुनाउने उनको नीति (रोमी १:१६) रहेकोले उनले स्थानीय यहूदी अगुवाहरूलाई बोलाएर आफ्नो निर्दोषितालाई राम्रोसँग व्याख्या गरेर प्रस्तुत गरेका थिए। अरू कुनै कारणले नभएर इस्राएलको आशाको निम्ति उनलाई पक्रेका थिए भनेर आफ्नो दुखेसो पोखाएका थिए। यहूदीहरूको सामु आफू निर्दोष भएको प्रमाण दिने उनको बानी थियो (प्रेरित २३:६, २४:१५, २६:६-८)। आफ्नो बचाउको निम्ति बोल्ने उनको नियत नभएतापनि सुसमाचार सुनाउने वातावरण उनले सृजना गर्न चाहेका थिए। येशूको पुनरुत्थान नै इस्राएलीहरूको पूर्खौली आशा थियो भनेर यहूदीहरूलाई औँल्याउन चाहेका थिए। उनको खिलाफमा यरुशलेमबाट कुनै खबर नपाएकोले अचम्म मानेका ती यहूदीहरूले पावलको कुरा के थियो सो सुन्न निर्णय गरे।

**प्रेरित २८:२१,२२ पढ्नुहोस्। येशूको बिरूद्धमा जताततै सुनिएको छ भनेर पद २२ले बताउँछ। येशू र उनलाई पछ्याउनेहरूको बिरुद्धमा जताततै बोलिएतापनि तपाईं आफ्नो विश्वासमा कसरी अडिग भएर बस्ने?**

## ५. सुसमाचारको जित

तोकिएको समयमा धेरै यहूदीहरू पावलले प्रस्तुत गरेको सुसमाचार सुन्न आए (प्रेरित २८:२३)।

**प्रेरित २८:२४-३१मा पावलले आफ्नो भावना प्रस्तुत गरेपछि यशैयाको पुस्तकमा लेखिएको वचन ती यहूदीहरूलाई सुनाउँछन्। त्यो गर्नुपर्ने उनको कारण के हो? हेर्नुहोस् "२३ तब उनीहरूले तिनको निम्ति एउटा दिन तोकिदिए, र धेरै संख्यामा मानिसहरू तिनको डेरामा आए। तिनले उनीहरूलाई बिहानदेखि साँझसम्मै व्याख्यान दिए, र मोशाको व्यवस्था र अगमवक्ताहरूका पुस्तकबाट परमेश्वरका राज्यको गवाही दिए, अनि येशूको विषयमा उनीहरूलाई विश्वास दिलाउने चेष्टा गरे। २४ तिनले भनेका कुरा कतिले विश्वास गरे, कतिले गरेनन्। २५ उनीहरू आपसमा असहमत भए, र बिदा हुन लाग्दा**

**पावलले यो अन्तिम वक्तव्य दिए, "तिमीहरूका पिता-पुर्खालाई यशैया अगमवक्ताद्वारा पवित्र आत्माले भन्नुभएको वचन ठीकै थियो, २६ 'यी मानिसहरूकहाँ गएर भन्, "सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौं, तर कहिल्यै देख्दैनौ।" २७ किनभने यी मानिसहरूको हृदय बोधो भएको छ, र तिनीहरूका कान बहिरा भएका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरूले आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरूलाई निको पार्नेथिएँ।' २८ "यसकारण तिमीहरूलाई थाहा होस्, कि परमेश्वरको यो मुक्ति अन्यजातिहरूका निम्ति पठाइएको छ, र तिनीहरूले सुन्नेछन्।" [ २९ अनि तिनले यी वचन भनेपछि, यहूदीहरू आपसमा धेरै वाद-विवाद गर्दै बिदा भए।] ३० पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। ३१ तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।"**

जब मानिसहरूले परमेश्वरको वचनलाई सुनेरपनि ग्रहण गर्दैनन् तिनीहरूको गति के हुनेछ भनेर यशैया ६:९,१०मा लेखिएको वचन पावलले ती यहूदीहरूलाई सुनाउँछन्। कतिपय यहूदीहरूले पावललाई विश्वास गरे र कतिपयले विश्वास गरेनन्। उनको वचन सुनेर यहूदीहरूको बीचमा ठूलो कचकच भयो। त्यसले गर्दा आफू अयहूदी वा अन्य जातिहरूलाई बचन सुनाउने आफूसँग अर्को बिकल्प नरहेको भनेर पावलले सुनाउँदछन् (प्रेरित १३:४६,४७,१८:६)।

रोमको सम्राटको सामु उपस्थित भएर आफ्नो मुद्दा छिनोफानो गर्नको निम्ति पावल दुई वर्ष कुर्छन्। आफ्नो डेरामा नजरबन्द भएर बसेतापनि उनकहाँ आउनेहरूलाई सुसमाचार सुनाउने काम बिना रोकटोकले चलेको थियो। यहूदी होस् वा रोमी होस् सुसमाचारको शक्तिको अग्रसरतालाई कसैले पनि रोक्न सक्दैन भनेर प्रेरितको पुस्तकमा लेखिएको अन्तिम विवरणले देखाउँछ।

लेखक लूकाले आफ्नो पुस्तक उपर्युक्त बिन्दुमा पुऱ्याएर किन सिध्याउँछन् सो स्पष्ट छैन। पावलको मुद्दामा उनलाई मृत्युदण्ड दिने कुनै कारण नभएकोले उनलाई नजरबन्दबाट मुक्त गरेको र सुसमाचार यात्रामा फेरि लागेका थिए भनेर प्रमाणित गरिएको छ। तर पछि उनलाई फेरि पक्रिएर रोममा ल्याइन्छ र त्यहाँ सम्राटको हुकुमले उनको शीरलाई तरवारले काटी

दिन्छ (२ तिमोथी ४:६-८)। जे भएतापनि लूकाले आफ्नो पुस्तक यसरी अन्त गरेको एउटा मूल कारण देखिन्छः त्यो हो रोमको टाढा र नजिक तथा संसारको कुनाकाप्चामा सुसमाचार फैलिने अवसर भइसकेको थियो (प्रेरित १:८)।

"अन्यायपूर्वक कैदी भएर लामो समय बिताउनुपरेको पावलको धैर्यता र हँसिलोपनाले परमेश्वरमाथि उनको आस्था तथा विश्वास र साहस नै उनी निरन्तररूपमा सुसमाचारको प्रवचन भएर देखाएको थियो। उनमा भएको जोशिलो आत्मा जुन संसारमा भएको जस्तो नभएर पृथ्वी भन्दा सर्बोच्च सक्तिमान परमेश्वरबाट बगिरहेको थियो भनेर सबैको सामु साछि भएको थियो। उनकै अनुकरणीय उदाहरणले गर्दा इसाईहरूमा ठूलो उर्जा पल्हाएको थियो। सार्वजनिकरूपमा सुसमाचार प्रचार गर्न पावललाई बँचित गराइएको भएतापनि उनमा भएको जोशले इसाईहरूलाई सुसमाचार प्रचार गर्न घचेडेको थियो। प्रेरित पावलको बन्धन ती इसाई विश्वासीहरूमाथि अत्यन्त मजबुत थियो जसले गर्दा आफूले काम गर्ने शक्ति हिन भएको महसुस गरेतापनि र आफूले अब केही काम गर्न नसक्ने भएर बस्न वाध्यभएतापनि उनले ख्रीष्टको खेतमा बालाहरू जम्मा गर्न सकेका थिए। (मृत्युको मुखमा परेर परमेश्वरको निम्ति केही काम गर्न नसक्ने स्थिति पैदाभएतापनि) परमेश्वरको निम्ति काम गर्न इसाईहरूमा ठूलो आँट आएको थियो।" -एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ४६४बाट रूपान्तरित)।

सुसमाचार सुनाउने चर्चको लक्ष्यको परिप्रेक्ष्यमा प्रेरितको पुस्तक सिध्दिएको छैन भन्न सकिन्छ। प्रेरितको पुस्तक बिगत र बर्तमान इतिहास हो जसमा सुसमाचार फैलाउने कामको बिबरणको लेखा राखिएको हुन्छ। येशूलाई विश्वास गर्ने प्रत्येक व्यक्ति यस इतिहासको चित्रमा पसेको हुन्छ। निरन्तररूपमा लेखिने प्रेरितको पुस्तकमा जोशिलो, नाटकीय र आत्मिकरूपमा जागृत बनाउने अध्यायहरू शताब्दियौंभरि लेखिएका छन् र लेखि नै रहनेछन्। कतिपय समयमा त ती अध्यायहरू परमेश्वरका आस्थावान साछीहरूको रगतले लेखिएका हुन्छन्। प्रेरितको पुस्तकमा नयाँ नयाँ अध्यायहरू थप्ने काम हाम्रो हो। बर्तमान समयमा येशूप्रतिको आस्थामा हामीहरूको जीवनले देखाउने साछीका अध्यायहरू अन्तिम हुनेछन् भनेर हामी आशा गर्दछौं, अनि आफ्ना चेलाहरूलाई येशूले दिनुभएको लक्ष्य पूरा भइदिएर संसारको अन्त्य हुनेछ (मत्ती २४:१४)।

## उपसंहारः

**थप जानकारीः** "येशू ख्रीष्टले चर्चलाई पवित्र आदेश दिनुभएको छ। परमेश्वरको अनुग्रहको ढुकुटी र येशूको खोजेर नपाइने उच्च ज्ञानहरू यस संसारमा बगाउन इसाई हुँ भनेर दावी गर्ने प्रत्येक व्यक्तिको काँधमा भएको महसुस गर्नु आवश्यक छ। मुक्तिदाताको आत्मा वा मिजास र चरित्र उहाँका अनुयायीहरूले यस संसारमा प्रतिनिधित्व गरुन् भन्ने उहाँको चाहना छ। मुक्तिदाताको प्रेमलाई मानव जीवनमा प्रस्तुत गरिएको चाहना यस संसारमा अरू जस्तो कुनै छैन। येशूलाई विश्वास गर्ने पुरुष र स्त्रीहरूबाट इसाई आस्थाको शक्ति प्रकट गरुन् भनेर सारा स्वर्ग पर्खेर बसेको छ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ६००बाट रूपान्तरित।

"सेवा गर्ने स्वभावले सारा चर्चमा अधिकार जमाउन् भन्ने चाहना परमेश्वरको हो। यसको लागि परमेश्वर धेरै समयदेखि पर्खिरहनुभएको छ। यदि प्रत्येक विश्वासी सेवा गर्ने भावनाले सुसज्जित हुन सके उसले उसको सामर्थ अनुसार परमेश्वरको काम गरिरहेको पाइनेछ। चाहे घरमा होस् चाहे विदेशमा होस् जब खटाइएको आवश्यक ठाउँहरूमा परमेश्वरको चर्चका विश्वासीहरूले सुसमाचारको आदेशलाई पूरा गर्न सक्रिय हुन्छन् तब सारा संसारले परमेश्वरको चेतावनी पाइसकेका हुन्छन् अनि प्रभु येशू यस पृथ्वीमा शक्ति र ठूलो महिमाको साथ फर्केर आउनुहुनेछ।"- एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १११बाट रूपान्तरित।

## चिन्तनमननः

**अ. रोमको यात्राभरि पावलले परमेश्वरप्रतिको आस्था कसरी देखाएका थिए भनेर लूकाले प्रेरितको पुस्तकमा कसरी चित्रण गरेका छन्? उनको कुनै हालतमा बिचलित नहुने वा नडगमगाउने विश्वासले अरूलाई कसरी प्रभाव पारेको छ?**

**आ. जतिसुकै कष्टकर जीवन बिताउनु परेतापनि आफ्नो लक्ष्यमा पावल कहिल्यै बिचलित भएनन् र आफ्नो विश्वास त्यागेनन्। आफ्नो सिमित स्वतन्त्रताको बावजुद पनि पावलले रोममा सुसमाचार निरन्तररूपमा प्रचार गरिरहे। अरूलाई सुसमाचार सुनाउने अवसर पाएतापनि नसुनाउने प्रवृतिबाट हामी कसरी जोगिएर बस्ने?**

इ. रोमी १:१४,१५मा पावलले सुसमाचार सुनानउने आफ्नो तिब्र भावनालाई यसरी व्यक्त गर्दछन् " १४ ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु। १५ यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु।" सबैलाई सुसमाचार सुनाउने जिम्मा आफ्नो काँधमा बोकेको भावना पावलले किन महसुस गरेका थिए? यदि हामी इसाई हौं भनेर दावी गर्दछौं भने के हामीले पनि त्यस जिम्मेवारीबाट पन्छेर बस्न सुहाउँछ? एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको यो भावना बुझ्न खोज्नुहोस्: "आफू इसाई हुँ दावी गर्ने प्रत्येक विश्वासीको जीवनको काम नै अरूलाई सुसमाचार सुनाउने हुनुपर्छ। परमेश्वरले हामीहरूलाई अनुग्रह दिनुभएकोले हामी संसारप्रति ऋणी भएको ठान्नुपर्छ किनभने हामीमाथि परमेश्वरको  ज्योति चम्किएको छ र सत्यको शक्ति र सौन्दर्यतालाई हामीले पत्ता लगाइसकेका छौं।-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च ठेली ४, पृ. ५८बाट रूपान्तरित।

ई.  पावलले यशैया ६:९,१०लाई उद्धृत गर्दै  येशूलाई विश्वास गर्न नचाहने यहूदीहरूलाई यसरी भनेका थिए "९ उहाँले मलाई भन्नुभयो, “जाऊ गएर यी मानिसहरूलाई भन, “ ‘तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ’। १० यी मानिसहरूका हृदय कठोर र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना कानले सुन्लान्, र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्।”  यो सन्देश यशैयाले यहूदीहरूलाई सुनाउन परमेश्वरले भन्नुभएको थियो। के यो सन्देश हामीलाई पनि लागु हुन्छ र? हामीलाई धेरै सत्यहरूको ज्ञान दिइएका छन्। यदि हामीहरूको शारीरिक अभिलाषा, चाहना वा आफ्नो भाऊ खोज्ने प्रवृत्तिसँग परमेश्वरको वचनले ठक्कर खान्छ भने हाम्रो आत्मिक जीवन पनि कतिको खतरामा पर्दो रहेछ भनेर पावलले यशैयाको पुस्तकबाट निकालिएको अंशले कसरी देखाउँछ?

उ. तपाईं रोमी सिपाहीं हुनुहुन्छ रे र पावलको सिक्रीसँग तपाईं पनि बाँधिनुभएको छ रे। यसरी सँगै सिक्रीसँग बाँधिएको पावलमा तपाईंले के देख्नुभएको छ त? सोच्नुहोस्।

## कथा १३
## साइकलको सट्टा साबथ
## जीन रोङ्गगाओ, ताइवान

(हामीले यस पुस्तकमा लेखिएका कथाहरूमा दक्षिण कोरिया, जापान, मङ्गोलिया र चीनका मानिसहरूलाई भेटयौं। अब हामी ताइवानको मानिसलाई भेट्नेछौं)।

ताइवानको साइकल बनाउने कारखानामा साइकलको चक्का पेल्ने र टल्काउने कामले धेरै पैसा आउँदैन। तर एउटा मूख्य फाइदा त थियो। साबथमा काम गर्नु परेको थिएन।

धेरै वर्ष अघि ताइवानको शिकाङ्ग सहरमा जीन रोङ्गगाओ र उनकी श्रीमती सरेका थिए। तिनीहरू दुवै जनाले साइकल बनाउने १६ जनाको कारखानामा काम गरेका थिए। सबाथमा काम गर्नुपरेकोले तिनीहरूले पुरानो सहर छोड्नुपरेको थियो। तिनीहरूको आय केवल १५००० ताइवानी डलर वा अमेरिकी ५०० डलर वा पचास हजार रूपैयाँमात्र थियो।

“महँगो ताइवानमा त्यतिमात्र पाएपनि चित्त बुझाउनुपरेको थियो। तर सबाथमा काम गर्नु नपरेकोले हामी खुशी थियौं" जीन रोङ्गगाले भन्यो।

केही महिनापछि उसले आफ्ना भाइ, चारजना बहिनीहरू र परिवारका अरू सदस्यहरूको बारेमा सोच्न थाल्यो। तिनीहरूले अझै पनि सबाथमा काम गर्नुपरेको थियो। आफ्नो कारखानाको मालिकसँग तिनीहरूलाई पनि काम गर्न दिन उसले अनुरोध गऱ्यो। तर काम धेरै छैन भनेर उसले जवाफ दियो। तर जीनले कर गर्दा बिस्तारै सातजना उसका आफन्तहरूले त्यहाँ काम पाए।

जीन रोङ्गगाओको थोरै तलबले गर्दा उसको जीवन संघर्षमय थियो र अर्को कामको खोजिमा लाग्ने बिचार गऱ्यो। तर अन्त उसले सबाथमा काम गर्नुपर्नेछ भनेर थाहा पाएर त्यहीं काम गरिरहने निर्णय गऱ्यो। “धेरै तलबभन्दा म विश्वासमा बलियो भएर बस्ने मेरो चाहना थियो" उसले भन्यो।

परमेश्वरले जीन रोङ्गगाओको आवश्यकता थाहा पाएको हुनुपर्छ। साइकलको पार्टपूर्जालाई मिलाएर साइकल बनाउने कारखानाबाट चक्का बनाउन जीन रोङ्गगाओको कारखानामा धेरै अर्डर आउन थाल्यो। त्यसले गर्दा जीन रोङ्गगाओ र उनको श्रीमतीको तलब पनि बढ्न थाल्यो। तिनीहरूले महिनाको ७०,००० ताइवानी डलर वा अमेरिकी २,३०० डलर कमाउन

थाले। जीन रोङ्गगाओलाई कारखानाको नाइके बनाइयो। त्यसले गर्दा उसलाई थप तलब त मिलेको थियो तर अर्डरलाई पुऱ्याउन शनिबार पनि काम गर्नुपर्ने हुनेछ भन्ने त्रास पनि उसमा उत्पन्न भयो।

उसको डर वास्तविक भयो जब उसको कारखानाको हाकिमले एक शुक्रवारको दिनमा शनिबार पनि सबै १६ जनाले काम गर्नु पर्नेछ भनेर घोषणा गऱ्यो।

"मैले सबाथमा काम गर्न सक्दिनँ" भनेर जीन रोङ्गगाओले जवाफ दियो।

"तिमीले शनिबार काम गर्दैनौ भने तिम्रो जागिर खतम भयो भनेर सम्झिनुपर्छ" मालिकले भन्यो।

त्यो रात जीन रोङ्गगाओ सुत्न सकेन। जीन रोङ्गगाओमात्र होइन, उसकी श्रीमती र अर्का सात जना आफन्तहरूले पनि काम गर्न नपाउने भएका थिए। उसले परमेश्वरसँग प्रार्थना गऱ्यो। सबाथ बिहान आफन्तसहित जीन रोङ्गगाओ चर्चमा गयो। "हामीहरूको काम होइन विश्वास थामी राख्ने हामीले निर्णय गऱ्यौं" भनेर जीन रोङ्गगाओले भन्यो।

हाकिम एकदम रिसायो। उसका आधा कर्मचारीहरू काममा आउनुको सट्टामा चर्चमा जान लागेका थिए। फेक्टरीबाट सामानहरू तुरन्तै पठाउनुपरेको थियो। रिसले अरू सात जना कर्मचारीलाई पनि शनिबार काममा नआउनु भन्यो। तर शनिबार घाम अस्ताएपछि र आइतबार पनि काम गर्न आदेश दिए। आइतबार बिदा थियो। त्यस हाकिमले कामको नयाँ तालिका अनुसार जीन रोङ्गगाओसँग मिलेर काम गर्न सबै कर्मचारीलाई आदेश दियो। एडभेन्टिस्ट कर्मचारीहरू शनिबार बेलुकी र आइतबार खुशी मानेर काम गर्न थालेका थिए।

तिनीहरूको मालिक तीन दिनपछि काममा फर्क्यो। मङगलबारको दिन जीन रोङ्गगाओकहाँ सिधै गएर सोध्यो, "के तिमी धेरै पैसा कमाउन चाहन्छौ?"

छक्क परेको जीन रोङ्गगाओले जवाफ दियो, "सबाथमा मैले काम नगर्दा मेरो काम खतम हुन्छ भनेर तपाईंले भन्नुभएको होइन र?"

साइकलको फ्रेम बनाउने माग धेरै आएकोले उसले अर्को कारखाना खोल्न निर्णय गरेको थियो र त्यसको नाइके जीन रोङ्गगाओलाई बनाउने प्रस्ताव गऱ्यो। उसको पद पनि ठूलो हुनेभयो जसले गर्दा उसले कामदारहरूलाई भर्ना

पनि गर्नसक्थ्यो, नयाँ कर्मचारीहरूलाई उसले तालिम पनि दिन सक्थ्यो, साथै उसले धेरै मोटो तलब पनि पाउँथ्यो। तर सबाथमा पनि काम गर्नुपर्ने भएको थियो।

त्यो काम सुनौलो अवसरको थियो। तर जीन रोङ्गगाओलाई भजन ३७:५को याद आयो, “तिम्रो बाटोलाई परमेश्वरलाई सुम्प। उहाँमाथि भरोसा राख र उहाँले तिम्रो काम फत्ते पार्नुहुनेछ।" आफ्नो बाटो परमेश्वरलाई दिन जीन रोङ्गगाओ राजी भयो र मालिकको प्रस्ताब अस्वीकार गऱ्यो।

रिसाउनुको सट्टा उसको मालिकले सदाको निम्ति फेक्टोरीको कार्यतालिका बदल्यो। जीन रोङ्गगाओ जस्तो असल र मेहनती कर्मचारीलाई उसले गुमाउन चाहेको थिएन। त्यसकारण उसले कारखाना सधैंको निम्ति सबाथमा बन्द गरिनेछ तर शनिबार बेलुका र आइतबारचाहीँ काम सुचारूरूपमा चालिनेछ।

“अहिले कोही पनि सबाथमा काम गर्दैनन्। मेरो हाकिमले पनि सबाथमा काम गर्दैन" जीन रोङ्गगाओले खुशी मानेर भन्यो। परमेश्वरप्रति जीन रोङ्गगाओको प्रतिवद्धता देखेर चार जना सहकर्मीहरू प्रभावित भए। तिनीहरूमा चार जनाले बप्तिस्मा लिए।

शनिबार बेलुका र आइतबार दिनभरी काम गर्दा जीन रोङ्गगाओ कहिलेकाहीँ थाक्थ्यो। तर उसले अर्को बाटो रोज्न चाहेको थिएन।

“हामीहरूको विश्वासलाई थामी राख्न परमेश्वरले सहयोग गर्नुभएकोले उहाँलाई धन्यवाद दिन चाहन्छौं। हामीलाई थकाइ त लाग्छ नै। तै पनि हामीहरूको विवेकलाई स्वच्छ राखेर शान्तिमय जीवन दिनुभएकोमा परमेश्वरप्रति हामी धेरै आभारी छौं" जीन रोङ्गगाओले खुशीभएर भन्यो।

(लेखक: *आन्द्रयु मेकचेस्नी*)